# भीरकोट नगरपालिका उपप्रमुख श्री भगवती रेग्मी अर्यालद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

भीरकोट नगरपालिका

बयरघारी, स्याङ्जा

८ असार, २०८०

# आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

**आदरणीय सभाध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा संचारकर्मी मित्रहरू,**

१. भीरकोट नगरपालिकाको नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महशुस गरेकी छु ।

२. चालु आर्थिक वर्षको प्रारम्भदेखि नै विश्वव्यापी रुपमा आएको आर्थिक मन्दीको असर का कारण संघीय तथा प्रदेश सरकारहरुबाट आउने राजश्व तोकिए बमोजिम नआएको कारण त्यसको असर नगरपालिकामा समेत परेको व्यहोरा नगरसभा सदस्यज्यूहरुलाइ अवगत नै छ ।

३. चालु आर्थिक वर्षमा नगरपालिकाको कुल आम्दानी र हामिले गत आर्थिक वर्षको बजेटमा उल्लेखित गरेका कार्यक्रमहरु संचालन गर्ने क्रममा स्रोतको न्युनता कारण आइपरेका विभिन्न खालका समस्याका वावजुत पनि हामीले स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार अन्तरगत रहेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट पेश गर्नु पर्ने दायित्व रहेको छ ।

४. उल्लेखित समस्याहरु आगामी दिनमा क्रमश समाधान हुदै जाने आशा र विश्वास साथ नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्दैछु । यस अवसरमा म मुलुकको अग्रगामी परिवर्तन, प्रजातन्त्र र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विक्रम संवत २००७ साल देखि हालसम्म भएका आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन वलिदान दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

५. यस गरिमामय बाह्रौं नगरसभामा नगरपालिकाको बजेट प्रस्तुत गरिरहँदा मुलुकका साथै यस नगर क्षेत्रको आर्थिक क्रियाकलाप र नगरबासीहरुको समष्टिगत अवस्थामा थप सुधार आउने आशा र विश्वासको साथ चालु आर्थिक बर्षको यथार्थ अवस्था र आगामी आर्थिक बर्षको स्पष्ट मार्गचित्र सहित पेश हुन गइरहेको आर्थिक बर्ष २०८०/८१ को बजेट निर्माणको क्रममा आ-आफ्नो क्षेत्रबाट अमुल्य सल्लाह, सुझाव र सहयोग गर्नु हुने सम्पुर्ण निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीनिक दल, नीजि क्षेत्र, सामाजिक संघ संस्था र सञ्चारकर्मी तथा आम नगरबासीहरु प्रति आभार प्रकट गर्दै यसको कार्यान्वनमा समेत सोही अनुसारको प्रतिबद्धता र सहयोग रहनेमा हामी विश्वस्त छौं।

६. आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित अन्य कानूनहरू, पन्ध्रौं राष्ट्रिय योजना, दीगो विकासका लक्ष्यहरु तथा नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई महत्वपूर्ण आधारको रूपमा लिइएको छ । यसका अतिरिक्त राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरू, राजनीतिक दल, निजी क्षेत्र, सामाजिक संघ संस्था तथा विद्धत वर्ग एवम् पेशाविद्हरूबाट प्राप्त राय सुझावहरूलाई समेत समावेश गरी बजेट तर्जुमा गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०७९/८० को जेठ मसान्त सम्मको यथार्थ विवरण  संक्षिप्त रूपमा सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०७९/८०  मा **चालु खर्च तर्फ** रू.  ४५ करोड २५ लाख ९३ हजार बजेट विनियोजन भएकोमा हालसम्म रू. ३४ करोड ८१ लाख ७१ हजार (सामाजिक सुरक्षा सहित) अर्थात करिब ७६.९२ प्रतिशत खर्च भएको छ ।

**त्यसैगरी पूँजीगत खर्च तर्फ**  रू.१६ करोड ४० लाख ९८ हजार बजेट विनियोजन भएकोमा रू.१० करोड ६५ लाख ८२ हजार अर्थात करिब ६४.९५ प्रतिशत खर्च भएको छ ।

**सशर्त अनुदान तर्फ** रू.२७ करोड ३२ लाख ४५ हजार निकासा प्राप्त भएकोमा रू.२२ करोड ८४ लाख ९९ हजार अर्थात करिब ८४ प्रतिशत खर्च भएको छ ।

चालु आर्थिक वर्ष २०७९/८०मा कुल **रू. ६१ करोड ६६ लाख ९९ हजार बजेट विनियोजन** भएकोमा हालसम्म **रू. ४५ करोड ४७ लाख ५३ हजार** अर्थात् करिब ७३.७४ प्रतिशत खर्च भएको छ । खर्च व्यहोर्ने स्रोत अन्तर्गत आन्तरिक राजश्वतर्फ रू. ६ करोड ५० लाख संकलन गर्ने लक्ष्य रहेकोमा हालसम्म रू. ५ करोड ८१ लाख ५० हजार अर्थात लक्ष्यको तुलनामा करिब ८९.४६ प्रतिशत राजश्व संकलन भएको छ । त्यसैगरी संघीय तथा गण्डकी प्रदेश सरकारको राजश्व बाडँफाँट बापत रू. ९ करोड ९५ लाख ५४ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. ४ करोड ४६ लाख ७७ हजार मात्र अर्थात करिब ४४.७० प्रतिशत रकम प्राप्त भएको छ ।

त्यसैगरी संघीय तथा गण्डकी प्रदेश सरकारको समानिकरण बापत रू. १२ करोड ८९ लाख ८५ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. ११ करोड २८ लाख ६१ हजार मात्र अर्थात करिब ८४.०५ प्रतिशत रकम प्राप्त भएको छ ।

चालु आर्थिक वर्षको जेष्ठ र असार महिनामा संघीय तथा गण्डकी प्रदेश सरकारबाट राजस्व बाँडफाँट बापतको रकम प्राप्त हुँदा केही राजश्व रकम थप हुने अपेक्षा गरिएको छ । लक्ष्य अनुरूप आन्तरिक राजश्व, राजस्व बाँडफाँड र समानिकरणको रकम प्राप्त नहुँदा चालु आर्थिक वर्षका कतिपय स्वीकृत योजना तथा कार्यक्रमहरू भुक्तानी गर्न सक्ने अवस्था छैन । यसरी चालु आर्थिक वर्षमा खर्च भई आगामी आर्थिक वर्षमा भुक्तानी गर्न नसक्ने अनुमानित दायित्व रु. २ करोड ५० लाख हुने अनुमान गरिएको छ ।

अब म  नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका मुख्य मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन ।

क) नगरपालिकाको आर्थिक क्रियाकलाप र विकास निर्माणको कार्यलाई तीब्रता दिने ।

ख) उपलब्ध स्रोत तथा साधन मितव्ययी रुपमा परिचालन गरी नगरबासीको आर्थिक सामाजिक अवस्थामा सुधार गर्ने ।

ग) आर्थिक, सामाजिक, भौतिक पुर्वाधार लगायतका क्षेत्रको विकास गरि समृद्ध भीरकोट सुखी भीरकोटबासीको अभियानलाई पूर्णता दिने।

घ) नगरबासीहरुलाई आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने ।

ङ) नगरबासीहरुका आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने ।

माथि उल्लेखित बजेटका उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकता निर्धारण गरिएको छ ।

क) स्वास्थ्य जोखिममा रहेका नगरबासीहरुलाई उपचारको व्यवस्था, स्वास्थ्य सेवाको दायरा बिस्तार र स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण तथा स्तरोन्नति, स्वास्थ्य उपकरण तथा सामग्रीको आपूर्तिका लागि स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालन गर्ने।

ख) कृषिको व्यवसायिकरणलाई प्रोत्साहन गरि आधुनिक कृषि प्रविधि, उपकरण, उन्नत बिउ र मलको सहज उपलब्धता सुनिश्चित गर्न कृषि तथा पशुपालनजन्य बस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

ग) स्वच्छ खानेपानी, प्राविधिक एवम् गुणस्तरीय शिक्षा, सूचना प्रविधिको विकास लगायत सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार निर्माण गर्ने।

घ) बेरोजगार यूवा यूवतीहरूको लागि रोजगारीको अवसर सृजना हुने योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने।

## क. पूर्वाधार विकास

१. चालु आर्थिक वर्षमा नगरपालिका मुख्य बजार क्षेत्रवाट  पुर्व र पश्चिम सिमाना जोड्ने रणनैतीक सडक निर्माणको लागि बहुवर्षिय बोलपत्र आह्वान गरिएकोमा उक्त योजना सम्पन्न गर्नका लागि एकमुष्ठ रु.३ करोड ७० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

२. संघीय सरकारको समपुरक अनुदान र नगरपालिकाको सहलगानीमा सुन्दरबजार-मोहनडाँडा-ठुलीभञ्याङ देखि पर्वतको हातेमालोचोकसम्म सडक मर्मत सम्भार र स्तरोन्नति गर्ने कार्यका लागि संघीय समपुरकबाट रु. ६० लाख र नगरपालिकाबाट ६० लाख गरी जम्मा रु. १ करोड २० लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

३. नगरपालिकाको मध्ये भागमा रहेको आँधिखोलालाई तटबन्ध गर्ने कार्यलाई निरन्तरता दिइ सो आसपासका खेतीयोग्य फाँट संरक्षण गर्ने कार्यका लागि सङ्घीय सरकारको विशेष अनुदानबाट रु. १ करोड १५ लाख विनियोजन गरिएको छ ।

४. चालु आर्थिक वर्षमा शुरु गरिएको मोहनडाँडा-पखेरे-ओकादी ग्रामिण सडकको मर्मत तथा स्तरोन्नति गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिनका लागि प्रदेश सरकारको समपुरक अनुदानबाट रु. ४० लाख र नगरपालिकाको आन्तरिक श्रोतबाट रु. २७ लाख गरि जम्मा रु. ६७ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

५. नगरपालिकाको मुख्य बजार क्षेत्रभित्र बयरघारी-दार्सिङ्ग-जगतपुर-केघा-वानेथोक सडकको मर्मत सम्भार तथा स्तरोन्नति गर्ने कार्यका लागि प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत रु. ३० लाख र नगरपालिकाबाट रु. २० लाख गरी उक्त सडक निर्माणका लागि जम्मा रु. ५० लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

६. नगरक्षेत्र भित्रका मन्दिर, सामुदायिक भवनजस्ता संरचनाको मर्मत सम्भार, रङ्ग रोगन, खेलकुद मैदान तथा कोर्ट निर्माण, आवश्यक स्थानमा शौचालय निर्माण, विभिन्न स्थानमा कुलो निर्माण, सडक निर्माण लगायतका अनुसूचीमा उल्लेखित कार्यक्रमका लागि एकमुष्ठ रु.१ करोड ९९ लाख रकम विनियोजन गरिएको छ ।

७. नगर क्षेत्रभित्रको धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा रहेको खिलुङ्ग कालिका मन्दिरसम्मको यातायात व्यवस्थालाई सहज बनाउनका लागि बलमाटा, तिलाहार हुदै खिलुङ्गकालिका सम्मको सडक विस्तार ताथ मर्मत सम्भार र स्तरोन्नति गर्नका लागि प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत रु. ३० लाख र नगरपालिकाबाट रु. २० लाख गरि कुल रु. ५० लाख रकम विनियोजन गरिएको छ ।

८. नगरक्षेत्र भित्र आवश्यकताका आधारमा आर्थिक, सामाजिक, वन तथा बातावरण, संस्थागत विकास तथा सुशासन र भौतिक पुर्वाधार लगायतका योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम शीर्षकमा रु. ८० लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

९. संघीय तथा प्रदेश सरकार लगायतका अन्य निकायसँगको सहकार्य र सहलगानीमा सन्चालन हुने आयोजनाको लागत साझेदारीको लागि समपुरक शीर्षकमा रु. २ करोड ५० लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

१०. नगरपालिका अन्तर्गत वडा कार्यालयहरुबाट सामाजिक, आर्थिक, वन तथा वातावरण र संस्थागत विकाससँग सम्बन्धित योजना तथा कार्यक्रम पेश गर्ने गरी सम्पुर्ण वडाहरुलाई एकमुष्ठ रु. ३ करोड ५१ लाख विनियोजन गरिएको छ ।

**ख. आर्थिक विकास**

११. निर्वाहमुखी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरण गर्ने र कृषि तथा पशुपालन गरि जीविकोपार्जन गर्ने नगरवासीको आर्थिक अवस्थामा सुधार गर्नका लागि संघीय सरकारको विशेष अनुदान अन्तर्गत एकीकृत कृषि विकास कार्यक्रमका लागि रु. ७० लाख विनियोजन गरिएको छ ।

१२. नगर क्षेत्रभित्र कृषि व्यवसायमा संलग्न कृषकलाई धान, मकै, गहुँ जस्ता खाद्यान्नबालीको उन्नत जातको बिउ अनुदानमा वितरण गर्ने कार्यका लागि रु. ८ लाख २५ हजार, उन्नत जातको विउको उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्न रु. १ लाख, कृषि विकास कार्यक्रमको प्रचार-प्रसार तथा अनुशिक्षणका लागि रु. १ लाख ५० हजार गरी सशर्त अनुदान तर्फ विउ विजन उत्पादन तथा वितरणका लागि जम्मा रु. १० लाख ७५ हजार विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

१३. नगरक्षेत्र भित्र रहेका बेरोजगार युवायुवतीहरुलाई रोजगारीको अवसर सिर्जना गरी उनीहरुको जिविकोपार्जनलाई सहज बनाउन संघीय सरकार र नगरपालिकाको सहकार्य तथा सहलगानीमा मेयरसँग रोजगार कार्यक्रमका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

१४. किसान सूचिकरण कार्यक्रम, कृषि तथा पशुपन्छी सेवाका "एकः गाउँ एक प्राविधिक", कृषि तथा पशुपन्छीको तथ्याङ्क संकलन लगायतका कार्यक्रमका लागि सशर्त अनुदान अन्तर्गत आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

१५. नगरक्षेत्र भित्र साना उद्यमको विकास, गरिबी निवारणका लागि लघु उद्यमीको सिर्जना गर्ने कार्यक्रमका लागि सशर्त अनुदान अन्तर्गत आवश्यक रकम विनियोजन गरिएको छ ।

१६. चालू आर्थिक वर्षमा नगर क्षेत्रभित्र तोकिएका कृषि तथा पशुपालन पकेट क्षेत्रको विकास र विस्तार गरी कृषिको व्यवसायिकरणलाई निरन्तरता दिने कार्यका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत रु. १६ लाख विनियोजन गरिएको छ ।

१७. पशुपालन व्यवसायको विकास तथा विस्तारका लागि घाँसेवाली उत्पादन, पशुपंक्षीमा फैलिने महामारीको नियन्त्रण, कृतिम गर्भाधान जस्ता कार्यक्रमका लागि सशर्त अनुदान शीर्षकमा आवश्यक रकम विनियोजन गरिएको छ ।

१८. नगरपालिका अन्तर्गतका शाखा तथा वडा कार्यालयका दैनिक प्रशासनिक खर्च, तलबभत्ता, इन्धन, मर्मतसम्भार लगायतका चालु खर्चका लागि विभिन्न शीर्षकमा आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

१९. संघीय सरकारको झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम शीर्षकमा विनियोजित रकम मध्येबाट चालू आर्थिक वर्षमा सम्झौता भई निर्माणाधिन गुमार्दी रोजिखोला झोलुङ्गे पुल, थुम्का पुवात झोलुङ्गे पुल र बास्तरा खोला झोलुङ्गे पुलको बाँकी निर्माण कार्यको लागि आवश्यक पर्ने रकम भुक्तानी गर्न र सम्भावित स्थानमा

नयाँ झोलुङ्गे पुल निर्माण कार्यको सम्भाव्यता अध्ययन गर्नको लागि रु. ५५ लाख विनियोजन गरिएको छ ।

**ग. सामाजिक विकास**

२०. शैक्षिक क्षेत्रको गुणस्तर सुधार, निःशुल्क पाठ्यपुस्तकको वितरण, तोकिए बमोजिमका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था, सामुदायिक विद्यालयका छात्राहरुलाई सेनिटरी प्याडको वितरण, बालविकास सहजकर्ताहरुलाई प्रोत्साहन, शिक्षक शिक्षिकाको क्षमता विकास, विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा सुधार, शिक्षण सिकाई प्रकृयालाई डिजिटलाइजेसन गर्ने लगायतको कार्यका लागि सशर्त अनुदान अन्तर्गत आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

२१. राष्ट्रपति रनिङ सिल्ड, मेयर कप खेलकुद प्रतियोगिताको संचालन, युवा तथा खेलकुद लगायतका कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

२२. विगत देखि कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको आवश्यकता अनुसार परिमार्जन तथा छपाई गर्ने कार्यका लागि रु. १० लाख विनियोजन गरिएको छ ।

२३. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको कक्षा कोठाको सुधार गरी सिकाईका लागि उपयुक्त कक्षाकोठाको निर्माण गर्ने उद्देश्य अनुरुप रुम टु रिड (Room to Read) कार्यक्रमका लागि रु. ८ लाख विनियोजन गरिएको छ ।

२४. नगरक्षेत्रमा संचालनमा रहेका दहथुम बहुमुखी क्याम्पस र कालिका बहुमुखी क्याम्पस संचालनका लागि एकमुष्ठ रु. १५ लाख विनियोजन गरिएको छ ।

२५. नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत जेहेन्दार तथा विपन्न वर्गका विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रमका लागि रु. ४ लाख रुपैया विनियोजन गरिएको छ ।

२६. नगर क्षेत्रभित्रका जेष्ठ नागरिक, गर्भवती महिलाहरुलाई अण्डा वितरण, बालमैत्री स्थानीय शासनको निरन्तरता, युवाहरुको शारीरिक तथा मानसिक विकास, पर्यटन पूर्वधार लगायतका कार्यक्रम सन्चालन गर्नका लागि आवश्यक पर्ने रकमको व्यवस्था गरिएको छ ।

२७. भीरकोट नगर अस्पतालको संचालन तथा व्यवस्थापनको लागि रु. ५० लाख विनियोजन गरिएको छ ।

२८. नगरवासीहरुको स्वास्थ्य सेवामा सहज पहुँच पुर्याइ गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चिताका लागि वडा नं ५ मा सशर्त अनुदानवाट स्वास्थ्य चौकी भवन निर्माणका लागि संघीय सरकारवाट रु. २० लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

२९. नगरक्षेत्र भित्र स्वास्थ्य सेवाको पहुँच क्षयरोग नियन्त्रण, प्रजनन स्वास्थ्य, परिवार नियोजन, किशोर किशोरीको स्वास्थ्य सेवा, कोभिड-१९ लगायतका विभिन्न खालका स्वास्थ्य सेवाको निरन्तरताका लागि सशर्त अनुदान अन्तर्गत आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

३०. नगरक्षेत्र भित्र रहेका फरक क्षमता भएका नगरबासीको जीवनयापनलाई सहजीकरण गर्ने कार्यक्रमका लागि रु. ४ लाख र विपन्न परिवार निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरिएको छ ।

३१. नगरक्षेत्र भित्र आयुर्वेद कार्यक्रमको विकास तथा विस्तार र निरन्तरताका लागि सशर्त अनुदान अन्तर्गत आवश्यक रकम विनियोजन गरिएको छ ।

३२. नगरक्षेत्र भित्र बढ्दै गएको सहरी विकासलाई थप व्यवस्थित गर्न तथा सहरी सौन्दर्यतालाई बढवा दिनका लागि वडा नं १, २, ४ र ६ मा ढल निकास तथा सडक विस्तार गर्ने कार्यका लागि सशर्त अनुदान अन्तर्गत एकमुष्ठ रु. ३० लाख विनियोजन गरिएको छ ।

३३. "उज्यालो भीरकोट अभियान" को निरन्तरताका लागि विगतमा जडान भएका सौर्य उर्जा (सडक वत्ती) मर्मतसम्भार तथा विस्तारका लागि सशर्त कार्यक्रम अन्तर्गत रु. ८ लाख विनियोजन गरिएको छ ।

३४. नगरपालिकाको निर्माणाधिन फोहोरमैला व्यवस्थापन केन्द्र र पार्क मर्मतसम्भार तथा स्तरोन्नती गर्ने कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरिएको छ ।

३५. नगरक्षेत्र भित्र रहेका विपन्न तथा पिछडिएका नगरवासीको क्षमता विकास, त्यस्ता समुदायको परम्परागत सीपलाई जिविकोपार्जनमुखी बनाउने सामाग्रीको खरिद तथा वितरण कार्यक्रमका लागि रु. १० लाख विनियोजन गरिएको छ ।

३६. नगर क्षेत्रभित्रका मठ मन्दिर, मदर्सा लगाएत धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, मर्मत सम्भार र विकासका लागि रु. ९ लाख ७५ हजार विनियोजन गरिएको छ ।

३७. महिला तथा बालबालिकाको सशक्तिकरणका लागि "महिलासंग उपमेयर कार्यक्रम" का लागि रु. १० लाख विनियोजन गरिएको छ ।

३८. नगरक्षेत्र भित्र संचालनमा रहेका मदरसाको संचालन र व्यवस्थापन कार्यक्रमका लागि रु. ९ लाख ७५ हजार विनियोजन गरिएको छ ।

## घ) संस्थागत विकास तथा सूशासन

३९. राष्ट्रिय परिचयपत्रको वितरण, घटना दर्ता, सामाजिक सुरक्षा भत्ता लगायतका कार्यका लागि संघीय सरकारको सशर्त अनुदान अन्तर्गत आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

४०. नगरपालिका र अन्तर्गतका कार्यालयवाट उपलव्ध गराइने सेवा सुविधा छिटो, छरिता र पारदर्शी रुपमा उपलव्ध गराउनको लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

४१. स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रका विषयमा आवश्यक कानूनको तर्जुमा र संशोधन गर्ने कार्यका लागि आवश्यक पर्ने रकम विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

**ङ) वन तथा वातावरण**

४२. नगरक्षेत्र भित्र मावनीय तथा प्राकृतिक कारणबाट हुने विपद्जन्य असर तथा क्षतिको व्यवस्थापन गर्ने कार्यकालागि रु. १० लाख विनियोजन गरिएको छ ।

४३. नगरक्षेत्र भित्र मानविय तथा प्राकृतिक कारणले हुने आगलागी, बाढी पहिरो, भुक्षय, नदी नियन्त्रण जस्ता कार्यमा नगरबासीको माग अनुसार राहत सामग्रीको खरिद तथा वितरण गर्ने कार्यक्रमका लागि रु. १३ लाख विनियोजन गरिएको छ ।

४४. नगरपालिका र वन उपभोक्ता महासंघ भीरकोटसंग आवश्यक समन्वय तथा सहकार्य अगाडी बढाउनका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

४५. आगामी आर्थिक वर्ष २०८०/८१ का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ७८ करोड ८२ लाख १६ हजार विनियोजन गरिएको छ । कुल विनियोजित रकम मध्ये चालु तर्फ रु. ५८ करोड १५ लाख १६ हजार अर्थात ७४.४१ प्रतिशत रहेकोमा सशर्त अनुदान तर्फको चालु खर्च रु.४३ करोड ८५ लाख अर्थात ५५.६३ प्रतिशत र नगरपालिका तर्फको चालु खर्च रु.१४ करोड ३० लाख १६ हजार अर्थात १८.१४ प्रतिशत रहेको छ ।

त्यसैगरी कुल विनियोजित रकम मध्ये पुँजी खर्चतर्फ रु. २० करोड १७ लाख अर्थात २५.५९ प्रतिशत र सामाजिक सुरक्षा खर्च तर्फ रु. १८ करोड अर्थात २२.८३ प्रतिशत रहेको छ ।

४६. आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अनुमान गरिएको कुल विनियोजित रकम मध्ये गत वर्षको नगद मौज्दात बाट ५० लाख, आन्तरिक राजश्वबाट रु. ७ करोड ३१ लाख ३४ हजार १ सय, संघीय र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटबाट रु. ९ करोड ९७ लाख ९६ हजार ९ सय, अन्तर सरकारी वित्तीय हस्तान्तरण बाट ४२ करोड ५२ लाख ८५ हजार र अन्य स्रोतबाट ५० लाख गरी जम्मा रु ६० करोड ८२ लाख १६हजार हुने अनुमान गरिएको छ ।

४७. आगामी आर्थिक वर्ष २०८०/८१ का लागि माथि उल्लेखित बजेटका विभिन्न शिर्षकमा उल्लेखित रकमको शीर्षकगत कार्यक्रम, विनियोजित रकम, संघीय तथा प्रदेश सरकारबाट प्राप्त सशर्त तथा विशेष अनुदानका कार्यक्रम र वडा स्तरबाट प्रस्तावित कार्यक्रम र विनियोजित रकम अनुसूचीहरुमा समावेश गरिएको छ ।

नगरपालिकाको आन्तरिक क्षमता वृद्धि गरि आन्तरिक श्रोत बढाउनको लागि सेवा शुल्क, दस्तुर, महसुल लगायतका विभिन्न विषयमा गरिएको हेरफेरको विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

४८. अन्त्यमा, भीरकोट नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमामा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरू र भीरकोटबासी सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको कार्यान्वयनमा समेत सोही अनुसारको रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद ।

भगवती रेग्मी अर्याल
नगर उपप्रमुख
भीरकोट नगरपालिका
बयरघारी, स्याङ्जा

**अनुसूची १**

**आय र व्ययको संक्षिप्त विवरण**

**आर्थिक वर्ष २०८०।८१**

| शीर्षक | | गत आ.व. २०७८।७९ को यथार्थ | चालु आ.व. २०७९।८० को संशोधित अनुमान | आगामी आ.व. २०८०।८१ को अनुमान |
|---|---|---|---|---|
| **आय** | | | | |
| **क.** | **राजस्व** | **११७६३४६०७.००** | **७५९४०६०२.००** | **१७२९३१०००.००** |
| **१** | **आन्तरिक राजस्व** | **४४२०९९५३.००** | **३१२६५९४२.००** | **७३१३४१००.००** |
| १.१ | सम्पत्ति कर | ११६४४८८६.०० | ६५६३७८०.०० | ५००००००.०० |
| १.२ | भूमीकर (मालपोत) | २०७९०८९.०० | ३४३९९८२.०० | ४८०००००.०० |
| १.३ | अन्य सामग्री बिक्री | २२५३५६२४.०० | १०४१५६०५.०० | २७३३४१००.०० |
| १.४ | व्यवसाय कर | १०६०६६८.०० | १२२८५४५.०० | २८०००००.०० |
| १.५ | सिफारिस दस्तुर | २४०२९३३.०० | २९०५५३०.०० | ३८०००००.०० |
| १.६ | घर बहाल कर | ५४९६९९.०० | १०२५५००.०० | २०००००.०० |
| १.७ | घर जग्गा रजिष्ट्रेसन शुल्क | ० | ० | ० |
| १.८ | अन्य राजस्व | ३९३७०५४.०० | ५६८७०००.०० | २९२०००००.०० |
| **२** | **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **७३४२४६५४.००** | **४४६७४६६०.००** | **९९७९६९००.००** |
| २.१ | संघीय सरकारबाट प्राप्त | ६६५७५६०५.०० | ३९६१४८३०.०० | ८४८४७९००.०० |
| २.२ | गण्डकी प्रदेश सरकारबाट प्राप्त | ६८४९०४९.०० | ५०६२८३०.०० | १४९४९०००.०० |
| **ख.** | **अन्तर-सरकारी वित्तीय हस्तान्तरण** | **४२३६२०२००.००** | **५०८९८७५०.००** | **४२५२८५०००.००** |
| १ | संघीय समानीकरण अनुदान | १२०३५५०००.०० | ११४४९३७५.०० | १०११०००००.०० |
| २ | संघीय सशर्त अनुदान | २५३७८६२००.०० | २४३४००००० | २७६६०००००.०० |
| ३ | संघीय समपूरक अनुदान | ११३४४०००.०० | ८००००००. | ६००००००.०० |
| ४ | संघीय विशेष अनुदान | १२५०००००.०० | १०००००००.०० | १८५०००००.०० |
| ५ | गण्डकी प्रदेश समानीकरण अनुदान | १२३५५०००.०० | ११४४९३७५.०० | १३०८५०००.०० |
| ६ | गण्डकी प्रदेश सशर्त अनुदान | १९३६०००.०० | | |
| ७ | गण्डकी प्रदेश समपूरक अनुदान | ११३४४०००.०० | १०००००००.०० | १०००००००.०० |
| **ग.** | **अन्य** | **२६००००००.००** | **१७३९५९०७४.००** | **१९००००००.००** |
| १ | सामाजिक सुरक्षा भत्ता | १२००००००.०० | १४४५५९०७४.०० | १८००००००.०० |
| २ | सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम | ३००००००.०० | ४४०००००.०० | ५००००००.०० |
| ३ | गत वर्षको नगद मौज्दात | ११०००००० | २५००००००.०० | ५०००००० |
| **आय तर्फको जम्मा** | | **५८८७२२.००** | **३००७९८४२६.००** | **७८८२१६०००.००** |

# भीरकोट नगरपालिकाको कार्यालय

चालु आर्थिक वर्ष २०८०/८१को विनियोजित बजेट तथा अनुमानित चालु खर्च विवरण

| सिनं | बजेट खर्च नं. | बजेट खर्च शिर्षक | आ.व.०७९/८० मा विनियोजित | आ.व. २०८०/८१ को लागि प्रस्तावित |
|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | २०००००००० | २३५००००० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | १२५००००० | ११५००००० |
| ३ | २११२१ | कर्मचारी पोशाक | ५००००० | ७००००० |
| ४ | २११३२ | कर्मचारी महंगी भत्ता | ७००००० | ५००००० |
| ५ | २११३४ | कर्मचारी बैठक भत्ता | १००००० | १०००००० |
| ६ | २११३९ | अन्य भत्ता | १५००००० | १०००००० |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | २२००००० | २२००००० |
| ८ | २१२१३ | कर्मचारी योगदानमा आधारित विमा कोष | २००००० | ५००००० |
| ९ | २१२१४ | कर्मचारी कल्याणकोष | ५००००० | ५००००० |
| १० | २२१११ | पानी तथा विजुली महशुल | १५००००० | १५००००० |
| ११ | २२११२ | संचार महसुल | २०००००० | १५००००० |
| १२ | २२२११ | इन्धन पदाधिकारी | २०००००० | १५००००० |
| १३ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | १२०००००० | ८०००००० |
| १४ | २२२१३ | सवारी साधन मर्मत | ५२००००० | ५२००००० |
| १५ | २२२१४ | सवारी साधन मर्मत वडाहरु | २२५००० | १८०००० |
| १६ | २२२१४ | वीमा तथा नवीकरण खर्च | ७००००० | ८००००० |
| १७ | २२२२१ | मशिनरी औजार मर्मतसंभार खर्च | ६००००० | ६००००० |
| १८ | २२२३१ | निर्मित सार्वजनिक संपत्तिको मर्मत संभार | ५००००० | ५००००० |
| १९ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५५००००० | ४५००००० |
| २० | २२३१२ | मसलन्द तथा कार्यालय सामाग्री वडाहरु | १६२००० | १०८०००० |
| २१ | २२३१४ | इन्धन अन्य प्रयोजन | २००००० | ४००००० |
| २२ | २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | २५००००० | २०००००० |
| २३ | २२४११ | सेवा र परामर्श खर्च | ३०००००० | २०००००० |
| २४ | २२४१२ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ६००००० | ६००००० |
| २५ | २२४१३ | करार सेवा शुल्क | २५०००००० | २१०००००० |
| २६ | २२४१४ | सरसफाई सेवा शुल्क | ५००००० | ३००००० |
| २७ | २२४१९ | अन्य सेवा शुल्क | २००००० | २००००० |
| २८ | २२५११ | कर्मचारी तालीम | १०००००० | ९००००० |
| २९ | २२५१२ | शीप विकास तथा जनचेतना तालीम गोष्ठी | १५००००० | १०००००० |

| | | | | |
|---|---|---|---|---|
| ३० | २२५२२ | विपन्न दलित अल्पसंख्यक तथा मुस्लिम उत्थान कार्यक्रम | १०००००० | १०००००० |
| ३१ | २२५२२ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ८००००० | ५००००० |
| ३२ | २२५२२ | भिरकोट पार्क स्तरउन्नती | १५००००० | २०००००० |
| ३३ | २२५२२ | नियमित प्र.अ बैठक व्यवस्थापन खर्च | १२०००० | १२०००० |
| ३४ | २२५२२ | मेयरसँग  रोजगार कार्यक्रम | १५००००० | १०००००० |
| ३५ | २२५२२ | ९वटै वडा कार्यालयको कार्यक्रम बजेट | ९००००० | ९००००० |
| ३६ | २२५२२ | न्यायिक समितीको क्षमता विकास | ५००००० | ३००००० |
| ३७ | २२५२२ | नगरअस्पताल संचालन तथा व्यबस्थापन खर्च | १५००००० | ५०००००० |
| ३८ | २२५२२ | पढ्नको लागी कोठा Room to Read कार्यक्रम | २०००००० | ८००००० |
| ३९ | २२५२२ | स्थानीय पाठ्यक्रमको परिमार्जन तथा छपाइ खर्च | २०००००० | १०००००० |
| ४० | २२५२२ | पशु पंक्षी विकास कार्यक्रम | १०००००० | ५००००० |
| ४१ | २२५२२ | स्वयं सेविकाहरु यातायात तथा संचार खर्च | १२४८००० | १२४८००० |
| ४२ | २२५२२ | जेष्ठ नागरिक उत्थान कार्यक्रम | ५००००० | ४००००० |
| ४३ | २२५२२ | आथिक सहायता तथा पुनस्थापन | १५००००० | १०००००० |
| ४४ | २२५२२ | ग्रिजी स्क्रिनिङ्ग भाइब्रेटिङ्ग मेशीन  प्लाण्टको संचालन खर्च | ५५००००० | ५०००००० |
| ४५ | २२५२२ | कक्षा ८ को परीक्षा व्यबस्थापन खर्च | २००००० | २००००० |
| ४६ | २२५२२ | विपन्न वर्ग वस्तुगत सहायता कार्यक्रम | ४०००००० | २०००००० |
| ४७ | २२५२२ | प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयमा कार्यरत कर्मचारिहरुको पारिश्रमिक | ९०००००० | ६५१३००० |
| ४८ | २२५२२ | फरक क्षमता भएका नागरिक उत्थान कार्यक्रम | ५००००० | ४००००० |
| ४९ | २२५२२ | प्रसुती पोषण भत्ता | १५००००० | ८००००० |
| ५० | २२५२२ | अत्यावश्यक ओषधी तथा उपकरण खरिद | ३००००० | २००००० |
| ५१ | २२५२२ | युवा तथा खेलकुद कार्यक्रम | १०००००० | १०००००० |
| ५२ | २२५२२ | बालमैत्रि  स्थानीय शासन प्रवर्दन  कार्यक्रम | ५००००० | ७००००० |
| ५३ | २२५२२ | सार्वजनिक सुनुवाई कार्यक्रम | १५०००० | २००००० |
| ५४ | २२५२२ | शैक्षिक क्यालेन्डर प्रकाशन | ८५००० | ५०००० |
| ५५ | २२५२२ | क्याम्पस अनुदान | १५००००० | १५००००० |
| ५६ | २२५२२ | पर्यटन पुर्वाधार विकास | ५००००० | ५००००० |
| ५७ | २२५२२ | गर्भवती महिलालाई अण्डा वितरण कार्यक्रम | १०००००० | ७००००० |
| ५८ | २२५२२ | विपन्न परिवारलाइ निशुल्क स्वास्थ्य विमा | १०००००० | १०००००० |
| ५९ | २२५२२ | विभिन्न दिवस तथा समारोह व्यवस्थापन खर्च | १००००० | १००००० |

| | | | | |
|---|---|---|---|---|
| ६० | २२५२२ | महिलासंग उपमेयर कार्यक्रम | १५००००० | १०००००० |
| ६१ | २२५२२ | १दिने IEMIS अभिमुखिकरण कार्यक्रम | ५०००० | ५०००० |
| ६२ | २२५२२ | दैवी प्रकोप तथा विपद व्यवस्थापन मार्यक्रम | १०००००० | १०००००० |
| ६३ | २२५२२ | विविध कार्यक्रम | १०००००० | १०००००० |
| ६४ | २२६११ | अनुगमन तथा मुलयांकन खर्च | ३०००००० | १०००००० |
| ६५ | २२६११ | पदाधिकारी अनुगमन तथा मुलयांकन खर्च | ० | ३००००० |
| ६६ | २२६११ | भ्रमण खर्च | ३००००० | २००००० |
| ६७ | २२७११ | विविध खर्च | २०००००० | १३००००० |
| ६८ | २२७११ | विविध राहत वितरण खर्च | ३००००० | ३००००० |
| ६९ | २२७२१ | सभा संचालन खर्च | ७००००० | ५००००० |
| ७० | २५३१४ | धार्मिक तथा सास्कृतिक सहायता खर्च | १५००००० | १०००००० |
| ७१ | २५३१४ | मदर्सा संचालन खर्च | १०००००० | ९७५००० |
| ७२ | २७२११ | छात्रवृत्ति रकम | २२५००० | ४००००० |
| ७३ | २८१४१ | जग्गाको भाडा | ६००००० | ७००००० |
| ७४ | २८१४२ | घरभाडा | ७००००० | ७००००० |
| ७५ | २८१४३ | सवारी साधन तथा मेशीनरी ओजार भाडा | ५००००० | ५००००० |
| ७६ | २८१४४ | आत्महत्या न्युनिकरण सचेतना कार्यक्रम | ५००००० | २००००० |
| ७७ | २८१४५ | वन उपभोक्ता महासंघ अनुदान | ५००००० | १००००० |
| | | जम्मा रकम रु | १६०३६५००० | १४३०१६००० |

# भीरकोट नगर पालिकाको कार्यालय

पुंजीगत तर्फ आर्थिक वर्ष २०८०/८१को विनियोजित बजेट तथा अनुमानित चालु खर्च विवरण

| सिनं | बजेट खर्च नं. | बजेट खर्च शिर्षक | विनियोजित रकम रु |
|---|---|---|---|
| १ | २११११ | छायाक्षेत्र मन्दिर मर्मत संभार-४ | ५००००० |
| २ | २१११२ | ओमशान्ती भवनमा बार्दली निर्माण वडा २ | ३००००० |
| ३ | २११२१ | बांसकुटी मन्दिरमा स्टोर निर्माण वडा ५ | ३००००० |
| ४ | २११३२ | सहकारी सामुदायिक भवन तथा व्यवस्थापन ८ | ४००००० |
| ५ | २११३४ | ढापुकफेदीदेखि खोरबार सडकबत्ती पोल व्यबस्थापन ८ | २००००० |
| ६ | २११३९ | महालक्ष्मी आ.वि.शौचालय झ्याल ढोका निर्माण | ३००००० |
| ७ | २११४१ | सियाले-आगेटारी रमाकान्त रेग्मीको घर जाने बाटो | ३००००० |
| ८ | २१२१३ | शिव गुफा आमा समुह प्रतिक्षालय निर्माण २ | ३००००० |
| ९ | २१२१४ | मर्तमास सुन्तला संकलन र मन्दिर शौचालय-७ | ३००००० |
| १० | २२१११ | झरुङ्गखोला आमा समुह जाने बाटो ट्रस निर्माण-४ | ५००००० |
| ११ | २२११२ | भण्डारखोला सिंचाइ-६ | ३००००० |
| १२ | २२२११ | पिपलडांडा मा.वि ट्रस निर्माण-६ | २००००० |
| १३ | २२२१२ | जन एकता युवा क्लव व्याडमण्टन कोर्ट निर्माण-८ | ३००००० |
| १४ | २२२१३ | विशाल विकास आमा समुह भवन रंग रोगन ९ | ३००००० |
| १५ | २२२१४ | कुलो निर्माण डिल ब.खत्री ६ | १५०००० |
| १६ | २२२२१ | दार्सिङ्ग हटिया मन्दिर निर्माण-१ | १५०००० |
| १७ | २२२३१ | हेलु ॐ कारेश्वर मन्दिर मर्मत संभार-७ | ३००००० |
| १८ | २२३११ | सन्त निरंकारी मण्डल भवन मर्मत व्यबस्थापन-१ | ३००००० |
| १९ | २२३१४ | पाडेखोला चिन्नपाता खोला कल्भर्ट निर्माण - ५ | २००००० |
| २० | २२३१५ | कोटस्वारा सामुदायिक भवन अधुरो कार्य -७ | २००००० |
| २१ | २२४११ | जिमिरे प्रतिक्षालय निर्माण- ७ | २००००० |
| २२ | २२४१२ | गुरुङ्ग चिहानडांडा संरक्षण- २ | ५००००० |
| २३ | २२४१३ | दुर्गादिवी आमा समुह भवन ट्रस निर्माण-१ | ३००००० |
| २४ | २२४१४ | फर्दवास कुलो निर्माण-१ | २००००० |
| २५ | २२४१९ | बालवर्षा आ.वि. कम्प्युटर खरिद-७ | १५०००० |
| २६ | २२५११ | माइगंहादेखि खरियाबोट जाने बाटो-१ | ३००००० |
| २७ | २२५१२ | हेल नयां बजार नाला निर्माण-१ | ३००००० |
| २८ | २२५२२ | वडा नं.५ कार्यालय भवन जाने बाटो ढलान-५ | ५००००० |
| २९ | २२५२२ | लक्ष्मी आ.वि.ट्रस निर्माण-१ | २००००० |

| | | | |
|---|---|---|---|
| ३० | २२५२२ | अहले सुन्नत गौसीया मदर्साको शौचालय किचन निर्माण-२ | ५०००० |
| ३१ | २२५२२ | सिग्लेटारी फुलबारी जाने बाटोमा नाली निर्माण-५ | ५०००० |
| ३२ | २२५२२ | बलमाटा सुनार वस्ती क्षती नियन्त्रण | २०००० |
| ३३ | २२५२२ | राजेन्द्र भवानी मा.वि.मर्मत तथा झ्यालढोका व्यवस्थापन | २०००० |
| ३४ | २२५२२ | छाङ्गछाङ्गदी गेट आंधिखोला गोरेटो बाटो ढलान-४ | ५०००० |
| ३५ | २२५२२ | चिलाउनेखर्क सगर समाज  घाट ट्रस निर्माण-८ | १५०००० |
| ३६ | २२५२२ | तितेपानिदेखि सिमलचौर  सिंचाइवडा ६ | ३०००० |
| ३७ | २२५२२ | खिलङ्गकालिका मन्दिर वलिस्थल निर्माण | १०००० |
| ३८ | २२५२२ | बलमाटा नाला व्यवस्थापन | ३०००० |
| ३९ | २२५२२ | माझीवस्ती वाल निर्माण | ३०००० |
| ४० | २२५२२ | केराबारी थाना ग्रामीण सडक वडा .५ | ७०००० |
| ४१ | २२५२२ | गोदीखोला उजेलीडांडा सडक | ५०००० |
| ४२ | २२५२२ | फिरफिरे हुंदै चामडांडा रिठाबोट मोटर निर्माण वडा ४ | ५०००० |
| ४३ | २२५२२ | रोजीखोला देवीस्थान ग्रामीण सडक | ५०००० |
| ४४ | २२५२२ | ग्रामीण सडक वडा ९ | ५०००० |
| ४५ | २२५२२ | आंधिखोला पक्की कुलो बांध ६ | ३०००० |
| ४६ | २२५२२ | मालिका टोल विकास आमा समुह भवन नि.९ | ३०००० |
| ४७ | २२५२२ | लिफ्टिङ्ग सिंचाइ अधुरो योजना वडा ४ | ३०००० |
| ४८ | २२५२२ | भिमसेन थान निर्माण वडा ६ | १०००० |
| ४९ | २२५२२ | गेजाबास ठुलो खोला देउराली कुलो वाल निर्माण वडा ७ | ३०००० |
| ५० | २२५२३ | रोजीखोला आमा समुह वाङ्गसिङ्ग भवन  विद्युत रंगरोगन | २०००० |
| ५१ | २२५२२ | मर्तमास सिंचाइ | १०००० |
| ५२ | २२५२२ | मुल्का बराह मन्दिर | ३०००० |
| ५३ | २२५२२ | ढापुक कालिका मन्दिर निर्माण | ३०००० |
| ५४ | २२५२२ | दहथुम झारखाम  आमा समुह | ३०००० |
| ५५ | २२५२२ | श्री शिवशक्ती मन्दिर पकान-५ | ५०००० |
| ५६ | २२५२२ | नगरस्तरीय पुर्वाधार कार्यक्रम | ८००००० |
| ५७ | २२५२२ | गैह्राथोक लामोबांध पुरानो डहर बाटो निमाण-४ | ३०००० |
| ५८ | २२५२२ | तिवारी खोला खा.पा.टंकी निर्माण -८ | १०००० |
| ५९ | २२५२२ | फोक्सिङ्ग मनकामना आमा समुह भवन ट्रस निर्माण-६ | ३०००० |
| ६० | २२५२२ | दिगुवा दलित वस्ती समाधिस्थल निर्माण-८ | ५००० |
| ६१ | २२५२२ | आयुर्वेद शहरी कक्लिनिक | १०००० |
| ६२ | २२५२२ | पुलको मुखदेखि तिलार गहतेसम्म बाटो निर्माण- | ५०००० |

| | | | |
|---|---|---|---|
| ६३ | २२५२२ | हेलु बजार सावजनिक शौचालय मर्मत-१ | २००००० |
| ६४ | २२५२२ | दलित वस्ती लिफ्टिङ्ग खा.पा.मर्मत-४ | २००००० |
| ६५ | २२५२२ | पाडेखोला चिन्नेपाता खोला कल्भर्ट निर्माण५ | १५०००० |
| ६६ | २२५२२ | गैह्राथोक सिद्दार्थ  राजमार्गदेखि आमा समुह भवन जाने बाटो निमाण-४ | ५००००० |
| ६७ | २२५२२ | वडा नं.८ कार्यालय भवन ट्रस्ट निर्माण | १५०००० |
| ६८ | २२५२२ | ठुली भन्ज्याङ मा. वि. तावार निर्माण | २००००० |
| ६९ | २२५२२ | कालिकाकोट स्वास्थ्य ट्स्ट निर्माण तथा शिविर सन्चालन | ५००००० |
| ७० | २२५२२ | हेलु पक्कीपुलदेखि रोटेपानी जाने गोरेटो बाटो | ३००००० |
| ७१ | २२५२२ | आ.व.०७९/८०को भुक्तानी बाँकी रकम | २४१५०००० |
| ७२ | २२५२२ | वडास्तरीय योजना | ३४२०००००० |
| ७३ | २२५२२ | २ ओटा रणनैतिक सडकको निरन्तरता | ३७०००००० |
| ७४ | २२५२२ | समपुरक योजना | २५०००००० |
| | | जम्मा रकम रु | १४९१००००० |